"पाँचखाल नगर-कृषि सहर"
पाँचखाल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र सङ्ख्या : २०८२।०८३
चलानी नं. :

पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

मिति : २०८२/०७/१९
ने.सं. ११४६ कछलाथ्व, १५ बुधबार

## कृषि चुन वितरण (५०% अनुदान) कार्यक्रमका लागि प्रस्ताव आवहान बारेको सूचना।

(प्रथम पटक प्रकाशित मिति : २०८२/०७/१९)

यस पाँचखाल नगरपालिका कृषि शाखाको आर्थिक बर्ष २०८२/८३ को सङ्घीय सर्सत कार्यक्रम माटो स्वास्थ्य सुधार कार्यक्रम अन्तर्गत माटो परीक्षण नतिजाको आधारमा माटोको अम्लियपना सुधारका लागि कृषि चुन ५०% अनुदानमा उपलब्ध गराउने कार्यक्रम रहेको हुदाँ यस पाँचखाल नगरका ईच्छुक कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म/उद्यमी कृषकबाट दरखास्त आवहानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ दिन (२०८२/०८/०९) भित्र कार्यालय समयमा कृषि तथा सहकारी शाखामा तपसिल अनुसारका कागजातहरु संलग्न राखि तोकिएको ढाँचामा निवेदन पेस गर्नुका साथै माटोको नमुना समेत उपलब्ध गराउनुहुन सम्बन्धीत सबैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ। निर्धारित समयभित्र पेस नभएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही हुने छैन। थप जानकारीको लागि कृषि तथा सहकारी शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।

<u>तपसिल</u>

आवश्यक कागजातः

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि।
२. पूर्ण रुपले भरिएको प्रस्तावना फाराम।
३. स्थायी लेखा नं र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
४. समुह/सहकारी/फर्मको हकमा गत आ.ब.को लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि।
५. कृषक समुह/कृषि सहकारी/साझेदार उद्यमीको हकमा प्रस्ताव पेस गर्ने सम्बन्धी बैठकको निर्णयको प्रतिलिपि।
६. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि।
७. नेपाली नागरीकताको प्रतिलिपि।
८. सम्बन्धीत वडा कार्यालयको सिफारिस।

माटोको नमुना :

१. माटो परिक्षण भइसकेको कृषकहरुको हकमा माटो परिक्षण नतिजाको प्रतिलिपि।
२. माटो परिक्षण नभएका कृषकहरुको हकमा यसै सूचना साथ संलग्न गरिएको माटोको नमुना सङ्कलन गर्ने तरिका अनुसार सङ्कलन गरिएको माटोको नमुना कम्तिमा १/२ के.जी. तौल भएको तथा पूर्ण विवरण भरिएको।

२०८२।०७।१९
..............................
(उदय प्रसाद कोइराला)
नि. प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थ एवं कार्यार्थ:</u>

**श्री वडा कार्यालय (सबै), पाँचखाल नगरपालिका** : वडा कार्यालयको सूचना पाटीमा यो सूचना टाँस गरी सम्पूर्ण वडाबासीहरुले जानकारी प्राप्त गर्ने गरी व्यापक रुपमा प्रचार प्रसार गर्नुहुन।

**श्री सूचना प्रविधि शाखा** : वेबसाइट तथा सामाजिक सञ्जालमा समेत सूचना अपलोड गर्नुहुन।

फोन नं.: ०११-४९९४१४, इमेल: panchkhal.municipality@gmail.com, info@panchkhalmun.gov.np वेबसाइट: https://www.panchkhalmun.gov.np

## निवेदनको ढाँचा

मिति:

विषय : कृषि चून अनुदानमा उपलब्ध गराइदिनुहुन।

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**पाँचखाल नगर कार्यपालिकाको कार्यालय,**
**पाँचखाल, काभ्रेपलान्चोक।**

प्रस्तुत विषयमा पाँचखाल नगरपालिका कृषि विकास शाखाको मिति २०८२/०७/१९ गते प्रकाशित सूचना अनुसार सञ्चालन हुने माटो स्वास्थ्य सुधार कार्यक्रम अन्तर्गत कृषि चून वितरण ५०% अनुदान कार्यक्रम रहेको हुँदा माटोको नमुना जाँच गरी तपसिल बमोजिमको कृषि चून उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु/छौं।

तपसिल

| क्र.सं. | जग्गाधनीको नामथर | कित्ता नं | क्षेत्रफल (रोपनीमा) | माटोको पि.एच. (परिक्षण गरिएको भएमा) | आवश्यक कृषि चून परिमाण (के.जी.) | माटोको नमूना सङ्कलन परिमाण |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

निवेदक

कृषक समूह/कृषि सहकारी/कृषि फर्म/उद्यमी कृषक

अध्यक्ष/प्रतिनिधिको दस्तखत :

नाम/थर :

पद :

ठेगाना :

सम्पर्क नं :

संस्थाको छाप :


पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल


नि. प्रमुख प्रशासकीय अधिकृत

# माटोको नमुना संकलन गर्ने तरिका

## अन्न र तरकारी बालीको लागि


एकै प्रकारको माटो (जस्तै रङ्ग, बनावट, भिरालो पना आदि) भएको जमिनबाट १ वटा नमूना तयार गर्ने ।





एउटा माटोको नमूना तयार गर्न १ रोपनीबाट कम्तीमा ५/६ ठाउँबाट माटोको नमूना लिनु पर्दछ ।


प्रत्येक ठाउँमा १५ देखि २० से.मि. गहिरो 'V' आकारको खाल्डोको एक भित्ताबाट माथि देखि तल सम्म एउटै मोटाइको माटोको नमूना लिने ।







सबै खाल्डो बाट संकलित माटोको नमूनालाई एकै ठाउँमा जम्मा गरेर राम्रोसँग मिसाउने ।

यसरी जम्मा गरेको माटोबाट ढुङ्गा, झारपात जस्ता अनावश्यक चिजहरूलाई हटाई ४ बराबर भागमा बाँडी आमने सामनेको २ भाग हटाउने ।







बाँकि रहेको २ भाग माटोलाई फेरी राम्रोसँग मिसाएर पूनः ४ भाग लगाई २ भाग राखि २ भाग हटाउने। यो क्रम माटोको नमूना करिब १/२ के.जी. नभएसम्म दोहोर्याउने । आधा के.जी. माटोलाई उल्लेखित विवरण लेखि प्रयोगशालामा पठाउने ।

## फलफूल बालीको लागि

फरक किसिमका माटो (जस्तै रङ्ग, बनावट, भिरालोपना आदि) भएको जमिनबाट छुट्टा छुट्टै नमूना तयार पार्ने ।







छनोट गरीएको जमिनबाट १ रोपनीबाट कम्तिमा एक वटा ३ फिट गहिराईको खाडल खन्ने । माटोको नमूना लिने खाडलको एक तर्फको भित्तामा माथिबाट तल तर्फ १, २, र ३ फिट गहिराईमा चिनो लगाउने ।

चिनो लगाएको भित्ताबाट छुट्टा छुट्टै भाडाँमा ०-१, १-२ र २-३ फिटसम्मको माटोको नमूना संकलन गर्ने ।




यसरी छुट्टा छुट्टै संकलन गरेको माटो प्रत्येकलाई छुट्टा-छुट्टै ४ भाग लगाई आमने सामनेको २ भाग हटाई २ भाग बाँकि राख्ने र यो क्रम माटो १/२ के.जी. नभएसम्म दोहोर्याउने ।




यसरी तयार गरेको माटोलाई सफा प्लाष्टिकको थैलोमा राखि कृषकको नाम, ठेगाना, खेतको विवरण जमिनका गहिराई खुलाई नजिकको माटो परिक्षण प्रयोगशालामा लैजाने ।

### माटोको नमुना परीक्षण गर्न पठाउँदा निम्न विवरण हुनु पर्दछः

नामथर:

ठेगाना:

खेतबारीको किसिम:

लगाउने बाली:

मिति:

जमिनको गहिराई:

थप जानकारीको लागिः

'पाँचखाल नगर-कृषि शहर'

**पाँचखाल नगरपालिका**

कृषि विकास शाखा

पाँचखाल, काभ्रेपलाञ्चोक

सम्पर्क नं.: ०११-४९९४५१, E-mail: panchkhalkrishi@gmail.com